नेपाल नागरिक उड्डयन प्राधिकरण

बबरमहल, काठमाण्डौं

CIVIL AVIATION AUTHORITY OF NEPAL
BABARMAHAL, KATHMANDU

आर्थिक बर्ष २०७९/८० को बित्तिय बिबरण

(नेपाल बित्तिय प्रतिबेदनमान अनुसारको)

Financial Statement

F/Y 2079/80

नेपाल नागरिक उड्डयन प्राधिकरण
बबरमहल काठमाडौं
वित्तीय स्थितिको विवरण

मिति ३१ आषाढ २०८० (जुलाई १६, २०२३) को

(रकम रू.)

विवरण	जुलाई १६, २०२३	जुलाई १६, २०२२
	आषाढ ३१, २०८०	आषाढ ३२, २०७९
सम्पत्ति		
गैर चालू सम्पत्ति		
सम्पत्ति, मेशिनरी र उपकरण	४७९,२९८,६५१,१६८	२१०,६३२,५७३,१५८
अदृष्य सम्पत्ति	७०,८३२,२२१	२१,६९६,९१०
लगानीयोग्य सम्पत्ति	३,०३१,७८१,०४१	१३,४२३,४१६,४२०
स्थगन कर	-	२,४७७,२८०,५४२
गैर चालू सम्पत्ति	-	-
जम्मा गैर-चालु सम्पत्ति	**४८२,४०१,२६४,४३०**	**२२६,५५४,९६७,०३१**
चालू सम्पत्ति		
जिन्सी मौज्दात	६३,०८०,९५४	५९,०३९,३३५
आसामी तथा अन्य प्राप्य रकम	१,४०३,२७८,४९७	१,२८१,३५३,७२८
नगद तथा बैंक मौज्दात	९,३९५,७९३,१४३	१०,३३२,७५२,७०६
अन्य चालू सम्पत्तिहरू	८,५७१,८४९,७२५	६,६९६,६७४,७२७
आयकर सम्पत्ति	१८,५८९,९१७	
जम्मा चालू सम्पत्ति	**१९,४५२,५९२,२३५**	**१८,३६९,८२०,४९६**
जम्मा सम्पत्ति	**५०१,८५३,८५६,६६६**	**२४४,९२४,७८७,५२७**
पूँजी तथा दायित्व		
पूँजी		
शेयर पूँजी	५९,८४६,१६०,०५२	५९,४६५,८३५,०५२
जगेडा तथा संचित नाफा	३०५,२७२,९५२,४४०	१४६,४८१,६९४,७४७
जम्मा पूँजी	**३६५,११९,११२,४९३**	**२०५,९४७,५२९,७९९**
दायित्व		
गैर - चालु दायित्व		
ऋण तथा सापटी	२९,३०२,६१९,१४४	२६,९१६,०४१,१९६
व्यापार भुक्तानीहरू	-	-
कर्मचारी सुविधाहरू	३,३७५,१५०,०८६	२,८४७,०९४,४०५
व्यवस्थाहरू	-	-
अन्य गैर- चालू दायित्व	-	-
स्थगन कर दायित्वहरू	९३,५६३,७८९,८०३	-
कुल गैर- चालू दायित्व	**१२६,२४१,५५९,०३३**	**२९,७६३,१३५,६०१**
चालु दायित्व		
ऋण र सापटी	२,१५९,३१२,४२५	१,१७१,३३०,५०६
व्यापार भुक्तानीहरू	६९,३०२,११८	८७१,९११,९३२
कर्मचारी सुविधाहरू	२२९,३०१,६८९	१९५,६१४,४८८
व्यवस्थाहरू	४७,८६९,८२८	२९,६४९,८९२
अन्य चालू दायित्व	७,९८७,३९९,०८१	६,३४५,२०९,४२०
आयकर दायित्व		६००,४०५,८८९
जम्मा चालू दायित्व	**१०,४९३,१८५,१४०**	**९,२१४,१२२,१२७**
जम्मा पूँजी तथा दायित्व	**५०१,८५३,८५६,६६६**	**२४४,९२४,७८७,५२७**
संभावित दायित्व	३७७,३८०,२०३	४३०,१६९,४६१

नेपाल नागरिक उडड्यन प्राधिकरण
बबरमहल काठमाडौं
नाफा वा नोक्सानको विवरण
मिति ३१ आषाढ २०८० (जुलाई १६, २०२३) समाप्त वर्षको

(रकम रू.)

विवरण	जुलाई १६, २०२३ आषाढ ३१, २०८०	जुलाई १६, २०२२ आषाढ ३२, २०७९
सेवाबाट प्राप्त आम्दानी	१२,४५१,९७६,५३७	६,८५१,६६८,९३७
अन्य आम्दानी	३४७,२९६,९४३	५७५,६७७,४८६
कूल आम्दानी	१२,७९९,२७३,४८०	७,४२७,३४६,४२३
कर्मचारी सुविधा खर्च	२,२२७,२३३,३२३	१,७९७,८८७,५०४
ह्रास र क्षय नोक्सानी खर्च	३,९३८,०८४,४८९	२,९८६,७१०,२६४
अन्य खर्च	१,७८८,८२३,६२८	१,३७३,८३७,०००
कुल सञ्चालन खर्च	७,९५४,१४१,४४१	६,१५८,४३४,७६८
सञ्चालनबाट नाफा	४,८४५,१३२,०३९	१,२६८,९११,६५५
वित्त आय	५६८,२२३,६००	२८२,४८१,१४५
वित्त लागत	६२६,३७२,८८१	–
कर भन्दा अघिको नाफा	४,७८६,९८२,७५८	१,५५१,३९२,८००
आयकर खर्च:		
चालू कर	१,७१५,०९६,७१८	८३२,८३९,८४८
स्थगन कर	४३४,२२०,९३५	(७४९,९५८,४००)
जम्मा आयकर खर्च	२,१४९,३१७,६५२	८२,८८१,४४९
यस वर्षको खुद नाफा	२,६३७,६६५,१०५	१,४६८,५११,३५२
अन्य कम्प्रिहेन्सिब आय:		
सम्पत्ति, मेशिनरी र उपकरणको पुनमुल्याङ्कनबाट लाभ	२५३,७३५,२२५,९०२	–
परिभाषित लाभ दायित्व/ सम्पत्तिको मापन	(६९४,५६२,८०८)	(१,१२२,३७१,१८८)
अन्य कम्प्रिहेन्सिब आम्दानीको आयकर	(६३,२६०,१६५,७७४)	२८०,५९२,७९७
खुद कम्प्रिहेन्सिब आय	१८९,७८०,४९७,३२१	(८४१,७७८,३९१)
कुल कम्प्रिहेन्सिब आय -कर समेत	१९२,४१८,१६२,४२६	६२६,७३२,९६१

प्रति शेयर आम्दानी
आधारभूत (NRs)
Diluted (NRs.)
प्रति साधारण शेयर आम्दानी गणना गर्नको लागी भारित औसत साधारण शेयर
आधारभूत
Diluted

प्रमुख लेखा नीतिहरू

नेपाल नागरिक उडड्यन प्राधिकरण
बबरमहल काठमाडौं
नगद प्रवाह विवरण
मिति ३१ आषाढ २०८० (जुलाई १६, २०२३) समाप्त वर्षको

(रकम रू.)

विवरण	जुलाई १६, २०२३ आषाढ ३१, २०८०	जुलाई १६, २०२२ आषाढ ३२, २०७९
संचालन गतिविधिबाट नगद प्रवाह		
यस वर्षको आयकर अघिको नाफा	४,७८६,९८२,७५८	१,५५१,३९२,८००
समायोजनको लागि		
सम्पत्ति, मेशिनरी ,उपकरण , लगानी सम्पत्ति र अमूर्त सम्पत्तिमा मूल्यह्रास / अपलेखन	३,९३८,०८४,४८९	२,९८६,७१०,२६४
अनुदान आम्दानी	(२,०४९,३८९)	(२,०४९,३८९)
आसामी तथा अन्य प्राप्य वृद्धि / कमी	(१२१,९२४,७६९)	(६६५,०८२,९७२)
कर्मचारी ऋण मा वृद्धि / कमी		–
अन्य चालू सम्पत्तिमा वृद्धि / कमी	(१,८७५,१७४,९९८)	१,९४१,७२९,२२०
जिन्सी मौज्दातमा वृद्धि / कमी	(४,०४१,६१८)	(११,०६४,५८३)
व्यापारिक भुक्तानीहरु वृद्धि / कमी	(८०२,६०९,८१४)	७८२,७२०,२२२
व्यवस्थामा वृद्धि / कमी	(१,६९६,८७६,७८१)	(२,१८७,३२६,५५६)
वित्तिय लागत	६२६,३७२,८८१	–
गैर-चालू कर्मचारी सुविधाहरू वृद्धि / कमी	५२८,०५५,६८१	(१८१,५१४,२९५)
चालू कर्मचारी सुविधाहरू वृद्धि / कमी	(६६०,८७५,६०८)	५७,६०३,२५६
आयकर सम्पत्ति र दायित्वहरूमा वृद्धि / कमी	३,७६३,१२१,६६८	३८८,२७०,३१४
अन्य दायित्वमा वृद्धि / कमी	१,०१५,८१६,७८०	१,१५२,७१५,४०८
संचालन गतिविधिबाट प्राप्त नगद	**९,४९४,८८१,२७८**	**५,८१४,१०३,६९०**
वित्तिय लागत भुक्तानी		–
आयकर भुक्तानी	(५,१२९,९५७,२१७)	(६९७,०६७,६७१)
संचालन गतिविधिबाट खुद नगद प्रवाह (क)	**४,३६४,९२४,०६२**	**५,११७,०३६,०२०**
लगानी गतिविधिहरुबाट नगद प्रवाह		
सम्पत्ति, संयन्त्र र उपकरणको खरिद	(१५,७६५,६९५,४०९)	(९,१४३,६७७,३३९)
निर्माणाधिन विमानस्थल एवं कार्य प्रगति	७,२९६,३२१,१४५	(२,७१९,२७८,९४५)
अदृय सम्पत्ति	(५७,०६२,२६३)	(१७,४९५,६०७)
लगानी गतिविधिहरुबाट खुद नगद प्रवाह (ख)	**(८,५२६,४३६,५२८)**	**(११,८८०,४५१,८९१)**
वित्तिय गतिविधिबाट नगद प्रवाह		
शेयर पुंजीको रुपमा लगानी	३८०,३२५,०००	२,०४६,०००,०००
बायुयान संचालन कोषबाट प्राप्त	५४,०९६,३८७	९७,२६०,०३१
बिमानस्थल बिकास कोषाबाट प्राप्त		–
लाभांश भुक्तानी	(५८४,४२८,३५१)	(५२३,४६७,६०५)
गैर-चालू ऋण तथा सापटीबाट प्राप्त / (भुत्तानी)		
क) गौतमबुद्ध विमानस्थल सुदृढीकरण कार्य भुत्तानी	(२१४,५९६,१७४)	(१,२५०,७८०,४९८)
ख) हवाई यातायात क्षमता अभिबृद्धि आयोजना (ए.टि.सि.ई.पि.)	(४६,२१७,४६४)	(१२८,१५५,९२१)
ग) हवाई यातायात क्षमता अभिबृद्धि आयोजना (नेपाल सरकार)	–	३,०००,०००,०००
घ) हवाई यातायात क्षमता अभिबृद्धि आयोजना (एडिबि ४००५)	१,५०६,३१३,०९७	
ङ) पोखरा क्षेत्रीय विमानस्थल आयोजना	१,२५६,४७३,२६१	२,८५०,३४६,२९२
च) गौतमबुद्ध विमानस्थल सुदृढीकरण कार्य	८४७,५८७,१४६	१,४४६,९५५,३६५
छ) उपभोक्ता समितिबाट योगदान कोषमा प्राप्त		११७,७६०,०००
ज) पोखरा नयां विमानस्थल आयोजनाको लागि	२५,०००,०००	–
वित्तिय गतिविधिहरूबाट खुद नगद प्रवाह (ग)	**३,२२४,५५२,९०३**	**७,६५५,९१७,६६४**
नगद र समतुल्य नगदमा खुद वृद्धि (क + ख + ग)	**(९३६,९५९,५६३)**	**८९२,५०१,७९२**
शुरुको नगद र नगद समतुल्यहरू	१०,३३२,७५२,७०६	९,४४०,२५०,९१४
अन्तमा नगद र नगद समतुल्यहरु	**९,३९५,७९३,१४३**	**१०,३३२,७५२,७०६**

प्रमुख लेखा नीतिहरू

(अन्य मुद्रा भनी उल्लेख गरिए बाहेक सम्पूर्ण रकम ने.रु. मा रहेको छ)

इक्विटीमा भएको परिवर्तनको विवरण

मिति ३१ आषाढ २०८० (जुलाई १६, २०२३) समाप्त वर्षको

विवरण	शेयर पुंजी	संचित नाफा			जगेडा कोष (अनुदान)	वायुयान संचालन कोष	शेयर होल्डरको लागी उपलब्ध जम्मा रकम
	पुंजी	शेयर प्रिमियम कोष	संचित नाफा	पुनरमुल्याङ्कन कोष			
जुलाई, १५, २०२१ को पुनरालेखन बांकी रकम	५७,४१९,८३५,०५२	-	१६,४७४,१६७,१२६	१२९,३८६,७३४,५४४	५६७,२७३,४१९	६९६,९४०,१३०	२०४,५४४,९५०,२७२
क़							
लाभांश			(५२३,४६७,६०५)				(५२३,४६७,६०५)
यस वर्षको नाफा			१,४६८,५११,३५२				१,४६८,५११,३५२
यस वर्षको थप	२,०४६,०००,०००	-	-	-	११५,७१०,६११	९७,२६०,०३१	२,२५८,९७०,६४२
अपलेखन गर्न बाँकी							-
यस वर्षको लागि लाभ / (नोक्शान)							-
अन्य कम्प्रिहेन्सिब आय			(८४१,७७८,३९१)				(८४१,७७८,३९१)
गत वर्षको समायोजन (नोट नम्बर २.२४.२ख)			(९५९,६५६,४७०)				(९५९,६५६,४७०)
जुलाई १६, २०२२ को बांकी रकम	**५९,४६५,८३५,०५२**	**-**	**१५,६१७,७७६,०१२**	**१२९,३८६,७३४,५४४**	**६८२,९८४,०३०**	**७९४,२००,१६१**	**२०५,९४७,५२९,७९९**
जुलाई १६, २०२२ को समाप्त बर्षको लागि साधारण पुंजीमा परिवर्तन				-			-
यस वर्षको नाफा			२,६३७,६६५,१०५				२,६३७,६६५,१०५
यस वर्षको थप	३८०,३२५,०००			१५७,९५४,७३५,७९१	- २,०४९,३८९	५४,०९६,३८७	१५८,३८७,१०७,७८८
अन्य कम्प्रिहेन्सिब आय			(५२०,९२२,१०६)				(५२०,९२२,१०६)
गत वर्षको समायोजन (नोट नम्बर २.२४.२ख)			(७४७,८३९,७४४)				(७४७,८३९,७४४)
लाभांश			(५८४,४२८,३५१)				(५८४,४२८,३५१)
जुलाई १५, २०२३ सम्मको बांकी रकम	**५९,८४६,१६०,०५२**	**-**	**१६,४०२,२५०,९१७**	**२८७,३४१,४७०,३३५**	**६८०,९३४,६४०**	**८४८,२९६,५४८**	**३६५,११९,११२,४९३**

<u>अनुसूची-१</u>

<u>प्रमुख लेखा नीतिहरु</u>

संस्थाको परिचय

नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुसार मिति २०५५/०९/१६ मा स्थापित नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त स्वायत्त संस्था हो । यस संस्थाको प्रधान कार्यालय बबरमहल, काठमाडौमा अवस्थित छ ।

१.१ तयारीको आधार

क) अनुपालनको विवरण (Statement of Complience)

यी वित्तिय विवरणहरू नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ऐनका प्रावधान अनुसार लेखामान बोर्डबाट जारी गरिएका नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) अनुसरण गरी तयार गरिएका छन् । नेपाल वित्तिय प्रतिवेदनमान र ती लेखामानका सामान्य रूपमा स्वीकृत व्याख्याहरू यी वित्तिय विवरणमा एकनाससंग अपनाइएका छन । प्राधिकरण निरन्तर चल्ने संस्था हो भन्ने आधारमा यी वित्तिय विवरण तयार गरिएका छन ।

ख) अनुमोदित मिति (Authorization Date)

वित्तिय विवरण संचालक समितिबाट मिति .... मा अनुमोदन र जारीको लागि स्वीकृत भएको छ ।

ग) मापनको आधार (Basis of Measurement)

वित्तिय प्रतिबेदन NFRS को सिद्धान्त अबलम्बन गरि Immovable Property मा Fair Value तथा चल सम्पत्ति मा ऐतिहासिक लागतको आधारमा तयार गरिने छ र पाँच बर्ष पश्चात Immovable Property सम्पत्ति Fair value को सिद्धान्त अनुसार तयार गरिने छ भने चल सम्पत्तिको Physical Verification गरिने छ । हालको प्रतिवेदनमा निम्न बाहेक अन्यलाई ऐतिहासिक मूल्य बमोजिम मापन गरिएको छ ।

- Immovable Property लाई Fair Value मा मापन गरिएको छ ।
- लगानी सम्पति लाई उचित मोल (Fair Value) मा मापन गरिएको छ ।
- कुनै दायित्वलाई नगदमा भुक्तानी गर्दा उचित मोल (Fair Value) मा मापन गरिएको छ ।
- जैविक सम्पतिलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ ।
- कारोबारको लागि राखिएको लगानीलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ ।
- परिभाषित लाभ योजनाहरु, घट र बढलाई उचित मोलमा मापन गरिएको छ ।
- सम्पतिको क्षय (Impairment) र त्यससँग सम्बन्धित निषर्ग (Disposal) लागतलाई उचित मोल (Fair Value) मा मापन गरिएको छ ।

उचित मान मापनको लागि Input उपलब्ध गराउँदा निम्न बमोजिम तहमा आधारित रही मापन गर्ने गरिएको छ ।

तह १

वास्तविक मूल्य मापनहरू सकृय बजार (Active Market) बाट समान सम्पत्ति वा दायित्वहरूको प्राप्त असमायोजित अंकित मूल्य (Quoted Price) को आधारमा निकालिएको छ । तह १ मा वर्गीकरण गरिएका कुराहरू विशेषतः साधारण शेयर, ट्रेजरी बिलहरू तथा नेपाल सरकारबाट जारी गरिएका धितोपत्रहरू पर्दछन् ।

तह २

तह २ मूल्यांकन जसका लागि आवश्यक अंकित बजार मूल्यहरू (Quoted Price) उपलब्ध छैन । उदाहरणको लागि कुनै उपकरणको विनिमय हुने बजारलाई सकृय मानिएको छैन वा वास्तविक मूल्य निर्धारण गर्ने मूल्यांकन विधिलाई मानिएको छैन र यी विधिहरूले प्रयोग

गर्ने Input प्रमुख गरी निरीक्षण बजार सूचनामा आधारित हुने गर्दछ । यी उपकरणहरूको उदाहरणमा Over the Counter Derivatives, वित्तिय संस्थाले जारी गरेको धितोपत्र, निक्षेपको प्रमाणपत्र तथा सम्पत्तिको सुरक्षणमा रहेको धितोपत्रलाई जनाउँछ ।

तह ३

तह ३ को वित्तिय उपकरणमा कम्तिमा एक Input जुन बजार निरीक्षण सूचनाको आधारमा नहुने जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तह ३ को वित्तिय उपकरण मूल्यांकनमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागि आर्जन तथा अनुमानित भविष्यको नगद प्रवाहको सम्बन्धमा व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ ।

घ) अनुमानहरूको प्रयोग

बित्तीय बिवरणको तयारी गर्दा NFRS को प्रावधानका आधारमा रही ब्यवस्थापकको अनुमानलाई समेत अनुशरण गरिएको छ । यी अनुमान, धारणा र निर्णयहरूले बित्तीय बिवरणको सम्पत्ति, दायित्व, सम्भावित सम्पत्ति तथा दायित्व, आम्दानी तथा खर्च लगायत त्यस सम्बन्धी खुलासाको मापन तथा प्रस्तुतिमा पर्ने असर सम्बन्धी अनुमानको प्रयोग गरिएको छ । यस किसिमका अनुमान तथा धारणाहरू समयसापेक्ष निरन्तर रूपमा ब्यवस्थापनले समिक्षा गर्नु पर्दछ । अनुमानहरूमा भएको परिवर्तन वित्तिय विवरणहरूमा प्रतिबिम्बित हुने गर्दछन् ।

ङ) संबेदनशील लेखा अनुमान (Critical Accounting Estimates)

वित्तिय बिबरण तयार गर्दा नेपाल वित्तिय प्रतिबेदन मानसँग एकरुपता कायम गर्न केहि संबेदनशील लेखा अनुमान तथा विचार प्रयोग गरि तयार गरिएको छ । प्राधिकरणको लेखानीति लागू गर्दा व्यवस्थापनले उचित निर्णय गर्नुपर्दछ । प्राधिकरणले भविष्यका केहि घटनाहरुको सन्दर्भमा केहि अनुमान तथा धारणा (Estimates & Judgement) राख्नु पर्दछ । अनुमान र धारणा ऐतिहासिक अनुभव र परिस्थिति, भविष्यमा घट्न सक्ने घटनाहरुलाई विचार सहित अन्य कारकमा आधारित रही मुल्यांकन गर्नुपर्दछ । भविष्यमा वास्तविक परिणामहरु यी अनुमान र धारणाहरु भन्दा फरक हुन सक्दछन । कुनै अनुमान र धारणा जसले सम्पति र दायीत्वलाई आउने वितिय वर्षमा महत्वपुर्ण जोखिम तथा सारभूत समायोजन गर्न सक्दछ भने त्यसको खुलासा गर्नु पर्नेछ ।

च) प्रस्तुतिकरण (Presentation)

वित्तिय विवरणहरू नेपाली रूपैयामा र नजिकको रूपैयामा पूर्णाङ्क गरि लेखाङकन गरिएको हुन्छ । अघिल्ला बर्षका अङकहरूलाई दाज्ने प्रयोजनका लागि पूर्ण वर्गिकरण आवश्यकता अनुरूप हुन्छ । आवश्यकता अनुरूप उपयुक्त खुलासा हुन्छ । वित्तिय स्थिति विवरणको प्रस्तुति गर्दा चालु र गैर चालु सम्पति र दायित्वमा वर्गिकरण गरिन्छ । जो सम्वन्धित भाका (Maturities) अनुरूप वित्तिय विवरणहरूको टिप्पणीमा समावेश हुन्छ । नाफा वा नोक्सानको विवरणको तयारी 'प्रकृतिको आधार' (By Nature) अनुरूप हुनेछ । नगद प्रवाह विवरण अप्रत्यक्ष विधि (Indirect Method) अनुरूप तयार गरिन्छ ।

छ) वित्तिय अवधि (Repoting period)

वित्तिय विवरणहरूको तयारि गर्दा विक्रम संवत् अनुसारको १२ महिनाको आर्थिक बर्ष हुनेछ । आर्थिक बर्ष श्रावण १ वाट आरम्भ भई आषाढ मसान्तमा समाप्त हुने छ ।

ज) प्रस्तुति मुद्रा (Reporting currency)

प्राधिकरणको वित्तिय विवरणको प्रस्तुती नेपाली रूपैयामा गरिएको छ र यो नै नेपाल नागरिक उड्डयन प्राधिकरणको कार्यात्मक मुद्रा (Functional Currency) हो ।

झ) Discount Rate

प्राधिकरणको नगद प्रवाहका क्रममा प्रयोग हुने छुट दर निर्धारण गर्दा विभिन्न चरहरूको विचार गरिन्छ । सम्पति क्षयको निर्धारण र प्रयोगमा हुँदाको मूल्यको निर्धारणमा पनि सोही दर प्रयोग गरिएको छ ।

१.२ अमूर्त सम्पति हरू (Intangible Assets)

अमूर्त सम्पति भन्नाले पहिचान योग्य भौतिक रूपमा नभएको गैर मौद्रिक सम्पति हो । पहिचान योग्य अमूर्त सम्पतिहरूलाई निम्न अवस्थामा मात्र लेखाङकन गर्ने नीति लिइएको छ ।

१) प्राधिकरणले सम्पतिको नियन्त्रण प्राप्त गरेमा ।

२) भविष्यमा सम्पत्ति संग सम्बन्धित आर्थिक लाभहरू प्राधिकरणमा प्रवाह हुने सम्भावना भएमा ।

३) सम्पत्तिको लागत मूल्यको भरपर्दो मापन भएमा ।

भविष्यमा सम्भावित अपेक्षित आर्थिक लाभको निर्धारण गर्दा व्यवस्थापनले भरपर्दो अवधारणा, उचित अनुमानको प्रयोग गर्नु पर्दछ ।

१.२.१ निश्चित जीवन भएका अमूर्त सम्पति

निश्चित जिवन भएका अमूर्त सम्पत्तिलाई खरिद लागतमा संचित (Amortization) र संचित क्षय (Accumulated Impairment) नोक्सान घटाई हुने मूल्यमा लेखाङकन गरिएको छ । उपयोगी जीवन र सम्पत्ति अपलेखनको विधी कम्तिमा वार्षिक रूपमा समिक्षा गर्ने नीति लिइएको छ। उपयोगी जीवन वा भविष्यमा हुने आर्थिक लाभको उपयोगको अपेक्षित विन्यासको परिवर्तनलाई लेखाङ्कन गर्दा सान्दर्भिक अपलेखन अवधि वा विधि अनुसार तयार गर्ने गरिएको छ। साथै यसलाई नेपाल लेखामान ८ लेखानीति, लेखा अनुमानमा परिवर्तन र गल्ती अनुसार लेखा अनुमानको परिवर्तनको रूपमा लिईएको छ ।

१.१.३ अनिश्चित उपयोगी जिवन भएका अमूर्त सम्पति

अनिश्चित उपयोगी जिवन भएका अमूर्त सम्पति लाई अपलेखन गरिन्न । अपलेखन नहुने प्रयोग जीवन भएका अमूर्त सम्पति लाई निश्चित अवधिमा समिक्षा गरी घटना र परिस्थितिहरूबाट सो सम्पति लाई अनिश्चित प्रयोग अवधिसम्ममा सहयोगी छन्/छैनन् भन्ने निर्धारण गरिन्छ । सो नभए प्रयोग योग्य जीवनलाई अनिश्चितवाट निश्चित तर्फ लेखाङ्कन गरिन्छ जो नेपाल लेखामान ०८ अनुसार लेखा अनुमानको परिवर्तनका रूपमा लिईएको छ ।

१.२.३ अमूर्त सम्पतिको क्षय (Impairment in Intangible Assets)

अमूर्त सम्पतिको क्षय (Impairment) को लक्षण देखिएमा सो को क्षय जाँच गरिन्छ। यसका लागि असूलीयोग्य मूल्यको निर्धारण नेपाल लेखामान ३६ सम्पतिको क्षय अनुसार तय गर्ने नीति लिइएको छ। नेपाल लेखामान ३६ लाई वित्तिय प्रतिबेदन मान लागू भएको ५ वर्ष भित्र अबलम्बन गरिने छ।

१.२.४ निषर्ग

निम्न अवस्थामा अमूर्त सम्पति लाई पहिचान गरिदैन

- निर्षग गरेमा वा
- भविष्यमा यसको प्रयोग वा निर्षगवाट कुनै पनि आर्थिक लाभ नहुने भएमा ।

अमूर्त सम्पति को गैर-पहिचानबाट हुने लाभ वा हानी निर्षगवाट प्राप्त हुने खुद प्राप्ती रकमको फरक रकममा तय गरिन्छ। उक्त सम्पतिलाई गैर-पहिचान गर्दा हुने लाभ वा हानीलाई नाफा/नोक्सान हिसाबमा लेखाङ्कन गरि प्रतिवेदन गर्ने नीति लिईएको छ ।

१.३ जायजेथा, संयन्त्र र उपकरण (Property, Plant and Equipment)

जायजेथा अन्तर्गत Immovable Property (जग्गा तथा भवन) लाई Fair Valuation बिधि तथा अन्य जायजेथा, संयन्त्र र उपकरणलाई Historical बिधिमा लेखांकन गर्ने नीति संस्थाले लिएको छ ।

१.३.१ जायजेथा, संयन्त्र र उपकरण मूर्त रूपमा रहेका हुन्छन् ।

क) तिनिहरू सेवा संचालन तथा नियन्त्रण गर्न, सेवा उपलब्ध गराउन, भाडामा दिन अथवा प्रशासकीय उद्देश्यको लागि राखिन्छ ।

ख) तिनीहरू एक अवधि (१२ महिना) भन्दा वढी अवधी सम्म प्रयोग हुन सक्ने आशा गरिन्छ ।

१.३.२ जायजेथा, संयन्त्र र उपकरणको लागतलाई निम्न अवस्थामा मात्र सम्पतिको रूपमा कायम गरिन्छ ।

क) भविष्यमा सो सम्पतिबाट सम्बन्धित आर्थिक लाभ प्रवाह हुने भएमा, तथा

ख) आईटमको लागत मूल्यलाई भरपर्दो मापन गर्न सकिएमा ।

जायजेथा, संयन्त्र र उपकरणलाई वास्तविक लागत मूल्य वा निर्माण लागतमा सञ्चित ह्रास (Accumulated Depreciation) र परवर्ती संचित क्षय नोक्सान (Subsequent Accumulated Impairment Losses) घटाई लेखाङकन गरिएको छ । सो लागत मूल्यमा ढुवानी खर्च, निर्माण खर्च, पेशागत खर्च (जस्तै: आर्किटेक र ईन्जिनियरका सेवा शुल्क)

सम्पतिलाई हालको अवस्थामा ल्याउन लाग्ने प्रत्यक्ष खर्च उक्त सम्पतिको मोलमा समावेश गरिएको छ । कर्मचारीहरूको तालिम खर्च र प्रशासकीय तथा अन्य खर्चलाई जायजेथा, संयन्त्र र उपकरणको लागतका रूपमा समावेश गरिएको छैन ।

खरीद मूल्य तथा सम्पत्तिलाई तोकिएको ठाँउमा र ब्यवस्थापनको सोच अनुरूप प्रयोगको अवस्थामा ल्याउनलाई लाग्ने प्रत्यक्ष सम्वन्धित खर्च वाहेक, यदि यस्तो आइटममा विभिन्न अनुमानित उपयोगी जीवन भएका धेरै कम्पोनेन्टहरूको प्रयोग छ भने त्यस्ता सार्न्दभिक कम्पोनेन्टहरूलाई तिनीहरूको उपयोगी जीवनको आधारमा ह्रास कट्टी गर्ने नीति लिइएको छ ।

१.३.३ त्यस्ता सम्पतिलाई तोकिएको स्थानमा र ब्यवस्थापनको सोचको अनुरुपको प्रयोगको अवस्थामा ल्याएपछि लाग्ने खर्चहरुलाई उक्त सम्पतिको मोलमा जोडिएको छैन । तत्पश्चातका संचालन खर्च वा सम्पतिलाई पुनप्रयोग गर्न लाग्ने खर्चलाई सम्पतिको बाँकी मूल्यमा समावेश गरिएको छैन । त्यस्तो सम्पत्तिलाई एक ठाँउबाट अर्को ठाँउमा स्थान्तरण गर्न लाग्ने खर्चलाई पनि बाँकी मूल्यमा समावेश नगर्ने नीति लिइएको छ ।

१.३.४ प्राधिकरणसंग भएको जमीनलाई लागत मोल कायम गरी लेखाङ्कन गर्ने नीति अवलम्वन गरिएको छ ।

१.३.५ जायजेथा, संयन्त्र र उपकरणको परिवर्ती मापन (Subsequent Measurement) गर्दा दुई मोडल बमोजिम गर्न सकिनेछ, हाल जमिनलाई पुनः मूल्यांकन मोडल (Revaluation Model) बमोजिम लेखांकन गरी अन्य सम्पतिलाई लागत मोडल (Cost Model) बमोजिम लेखांकन गर्ने नीति प्राधिकरणले अबलम्बन गरेको छ ।

१.३.६ निर्माणका क्रममा रहेका सम्पतिलाई यदि कुनै क्षय भएको नोक्सानी भए घटाई त्यसलाई लागत मूल्यमा लेखाङकन गरिन्छ । त्यस्ता सम्पतिको ह्रास कट्टी सोचे अनुरूपको प्रयोगको अवस्थामा पुगेपछि मात्र शुरू हुन्छ ।

१.३.७ वित्तिय पट्टा (Financial Lease) अन्तर्गत रहेका सम्पत्तिहरूलाई तिनिहरूको अनुमानित उपयोगी जिवन अवधी (Estimated Useful Life) का आधारमा आफ्नै सम्पत्ति सरह लागू हुने ह्रास कट्टी गरिन्छ वा छोटो अवधि भए पट्टा (Lease) को प्रावधान अनुसार लेखांकन गर्ने नीति लिइएको छ ।

१.३.८ प्रयोगमा नभएका वा मर्मत हुन नसक्ने गरी बिग्रेमा सोको पहिचान बखतमै सम्पतिलाई गैर पहिचान गरिन्छ । त्यस्ता सम्पतिलाई निषर्ग गर्दा सम्पतिको Carrying Value र खुद प्राप्तीको भिन्नतालाई नाफा/नोक्सान हिसाबमा लेखांकन गरिन्छ ।

१.३.९ ह्रास कट्टी

कुनै सम्पतिको ह्रास कट्टी गर्दा उक्त सम्पतिको उपयोगी जीवनको आधारमा Straight Line Method मा ह्रास कट्टी गरिएको छ । सम्पत्तिको खरिद बर्षमा ह्रास कट्टा बार्षिक अनुपात बमोजिम गरिएको छ । अवशेष मूल्य, उपयोगी जीवन र ह्रासका विधिलाई हरेक आर्थिक बर्षको अन्तमा कम्तिमा एक पटक समिक्षा गर्ने गरिएको छ । यदि कुनै अनुमान पछिल्लो अनुमान भन्दा भिन्न भएमा त्यसलाई नेपाल लेखामान ८ अनुसार लेखा अनुमानको परिर्वतनको रूपमा लिने गरिएको छ ।

जमिन बाहेकका सम्पति खरिद गर्दा लागेको लागत रकम तथा खर्चलाई उक्त सम्पतिको उपयोगी जीवनको आधारमा ह्रास कट्टा गरि खर्चको रुपमा लेखांकन गरिएको छ ।

जायजेथाको आईटममा विभिन्न अनुमानित उपयोगी जीवन भएका धेरै कम्पोनेन्टहरूको प्रयोग छ भने त्यस्ता सार्न्दभिक कम्पोनेन्टहरूलाई तिनीहरूको उपयोगी जीवनको आधारमा ह्रास कट्टी गरिन्छ । जायजेथाहरु प्रयोगका लागि उपलब्ध भएको दिन देखि शुरू भई बर्षको अन्त्य सम्मको अवधिको अनुपातमा ह्रासकट्टा गरिन्छ ।

उपयोगी जीवनका आधारमा सम्पतिको वर्गिकरण र तिनको उपयोगी आयु निम्न बमोजिम रहेको छ ।

क्र.स	बिवरण	उपयोगी जीवन (बर्षमा)
१	जग्गा	-
२	जग्गा बिकास	-
३	टर्मिनल तथा अन्य भवन	५०
४	पथ प्रदर्शन भवन	५०
५	धावन मार्ग	६,७
६	पहुंच सडक	१०
७	स्यानिटेसन तथा ड्रेनेज	१०
८	विद्युतीकरण (भवन)	१२,१३
९	हेलिप्याड	१०
१०	फेन्सिङ्ग	१०
११	सडक	१०
१२	विद्युतीकरण (धावन मार्ग)	१०
१३	पथ प्रदर्शन उपकरण	१०
१४	संचार उपकरण	१०
१५	मौसमी उपकरण	१०
१६	अग्नि तथा जिवनोद्धार उपकरण	६,७
१७	हवाई सुरक्षा उपकरण	१०
१८	यांत्रिक उपकरण	१०
१९	वायुयान उपकरण	१०
२०	भारी उपकरण (Heavy Equipment)	१०
२१	प्लान्ट एण्ड मेशिनरी	१२,१३
२२	औजार	१२,१३
२३	रिपिटर	१०
२४	आन्तरिक एयर ग्राउण्ड उपकरण	१०
२५	टर्मिनल सूचना उपकरण	१०
२६	खोज तथा उद्धार उपकरण	१०
२७	पानी तथा विजुली उपकरण	१०
२८	विमानघाट नियन्त्रण उपकरण	१०
२९	भूभाग नियन्त्रण उपकरण (Area Control Equipment)	१०
३०	राडार (वस्तुगत)	१०
३१	नेभिगेशन उपकरण	६,७
३२	एप्रोच कन्ट्रोल उपकरण	६,७
३३	स्टील फर्निचर	१२,१३
३४	काठ फर्निचर	१०
३५	सवारी साधन	१२,१३
३६	कार्यालय सामान	१०
३७	पुस्तक, म्यानुअल तथा नक्सा	१०

१.३.१० सरकारी अनुदान

सरकारी अनुदान (गैर मौद्रिक अनुदान समेत) लाई निम्न कुराहरूका बारेमा यथोचित विश्वास भएमा मात्र कायम गर्नु पर्दछ।

क) ती अनुदानसंग जोडिएका शर्तहरू निकायले पालना गर्नेछ, र

ख) अनुदानहरू प्राप्त हुनेछन्।

ह्रास योग्य सम्पतिहरूसंग सम्बन्धित सरकारी अनुदान वा अन्य पार्टीबाट प्राप्त अनुदानलाई स्थगन आयको रूपमा वित्तिय विवरणमा प्रस्तुत गर्दै सम्पतिको उपयोगी जीवन अवधिभर ब्यवस्थित रुपमा आय कायम गर्ने नीति लिइएको छ।
सम्पत्तिसंग सम्बन्धित नभएका अनुदानलाई त्यसको प्रकृति अनुसार आय विवरणमा समावेश गर्ने गरिएको छ।

१.३.११ नयाँ प्रणाली र उपकरणको खरिद र जडानमा लागेको खर्च सो सम्पतिको प्रयोग वा निर्माण अवधि (मिति) पूरा नभएसम्म कार्य प्रगति (Work In Progress) को रूपमा कायम गरिएको छ । जडान/निर्माण प्रयोजनका लागि गोदाममा भएका वा ढुवानीमा रहेका उपकरणका मौज्दातलाई पनि सो मोलमा समावेश गरिन्छ। सो प्रयोजनका लागि ठेकेदार संग रहेको बांकी मौज्दातलाई पनि समावेश गरिन्छ। प्रयोगमा आएपछि उपकरणको पूंजीकरण गरिन्छ भने निर्माण कार्यलाई प्रयोग योग्य भई हस्तान्तरण भएपछि पूँजीकृत गरिन्छ। उक्त सम्पत्तिहरुलाई जायजेथा, संयन्त्र तथा उपकरणमा पूँजीगत कार्य प्रगति अन्तर्गत लागत मोलमा देखाइएको छ ।

१.३.१२ सम्पतिसंग सम्वन्धित Subsequent खर्चका कारण भविष्यमा हुने आर्थिक लाभ वर्तमान भन्दा वढी हुने भएमा सो खर्चलाई सम्पतिको बाँकी मूल्यमा पूँजिकृत गरिएको छ, अन्यथा सो खर्चलाई मर्मत खर्चको रूपमा लिने गरिएको छ।

१.३.१३ वर्तमान सम्पतिमा जोडिन आउने वा विस्तार हुने पूँजीकृत प्रकृति भएको र वर्तमान सम्पतिको अभिन्न अंग हुन आउनेलाई शुरूको सम्पतिको अवशेष जीवनभर ह्रास कट्टी गरिन्छ, तर यसरी जोडिन वा विस्तार हुन आउने सम्पतिले अफ्नो छुट्टै पहिचान कायम राखेमा र बर्तमान सम्पतिको निषर्ग पछि पनि प्रयोग योग्य भएमा तिनीहरूको उपयोगी जीवनको आधारमा Individual ह्रास कट्टा गरिन्छ।

१.३.१४ २५,०००। -रूपैया भन्दा कम लागत भएका सम्पत्ति (जस्तै: कार्यालय उपकरण, फर्निचर, संयन्त्र, औजार आदि) लाई खरिदको समयमा नै खर्चमा लेखांकन गर्ने नीति लिएको छ भने उक्त सम्पति खरिद गर्दा प्राप्त संख्याको बिस्तृत अभिलेख राख्ने गरिएको छ।

१.३.१५ गैर-पहिचानबाट हटाउने

जायजेथा संयन्त्र र उपकरणको बाँकी मूल्य (Carrying Amount) लाई निम्न अवस्थामा गैर-पहिचान (De-recognize) गरिन्छ।

क) निषर्ग गरेमा

ख) सो को प्रयोग वा निषर्गबाट भविष्यमा कुनै आर्थिक लाभ नआउने भएमा जायजेथा, संयन्त्र र उपकरणको गैर-पहिचानबाट हुने लाभ वा हानी वा नोक्सानीको मापन खुद निषर्गबाट (Net Proceed From Disposal) प्राप्त मूल्य र उक्त सम्पतिको Carrying Amount को भिन्नताका आधारमा गरिन्छ। सम्पतिलाई गैर-पहिचान गर्दा हुने लाभ वा हानीलाई नाफा/नोक्सान हिसाबमा लेखाङकन गरिएको छ ।

जायजेथा, संयन्त्र र उपकरणले पहिचान गर्नुपर्ने शर्तहरू (Recognition Criteria) पूरा गरेमा प्राधिकरणले परिवर्तित (Replaced) भएको सम्पतिको मागसंग सम्बन्धित परिवर्तन खर्च (Replacement Cost) लाई आइटमको बाँकी मूल्य (Carrying Amount) मा परिवर्तित मागको छुट्टै ह्रास कट्टी भएता पनि लेखांकन गर्ने गरिएको छ। प्राधिकरणले परिवर्तित भएको भाग (Replaced Part) को बांकी मूल्य (Carrying Amount) लाई De-recognize गर्नुपर्दछ।

१.३.१६ जायजेथा, संयन्त्र र उपकरणको क्षय (Impairment of Property, Plant & Equipments)

क) क्षयबाट हुने नोक्सानीको कायम र मापन (Recognition & Measurement of Impairment Loss)

जायजेथा ,संयन्त्र र उपकरणको आइटममा हुने क्षयको पहिचान बाँकी मोल (Carrying Amount) र असुलीयोग्य रकम (Recoverable Amount) तुलना गरि निर्धारण गर्ने गरिएको छ । कुनै एक सम्पति सम्पतिहरुबाट स्वतन्त्र रूपमा भविष्यमा नगद प्रवाह गर्न नसक्ने भएमा सो सम्पति लाई सम्बन्धित नगद आर्जन गर्ने एकाई (Cash Generating Unit/CGU) अन्तर्गत पहिचान गर्नुपर्दछ । निकायले सोही एकाईको असुली योग्य रकम एकिन गर्नुपर्छ ।

प्रत्येक रिपोर्टिङ्ग मिति (Reporting Date) मा प्राधिकरणको सम्पतिमा क्षय भएको लक्षण भए/नभएको यकिन गर्नु पर्दछ । यदि क्षय भएको लक्षण भएमा असुलीयोग्य रकम निर्धारण गर्नुपर्दछ । नगद आर्जन एकाईको लागि असुली योग्य रकमको निर्धारण उचित मोलमा निषर्ग हुँदा बेच्दा लाग्ने खर्च घटाई आउने रकम वा प्रयोगमा हुँदाको मूल्य मध्ये जुन बढी हुन्छ त्यसलाई नै लिइन्छ । बजार मूल्यमा आधारित भई निर्धारण गर्नुपर्ने अवस्था बाहेक सामान्यतया असुलीयोग्य रकमलाई डिस्काउण्टेड नगद प्रवाह (Discounted Cash Flow) बाट निकालिन्छ । नगद प्रवाहलाई पछिल्ला चलन र बाहिरी सूचनाको श्रोतका आधारमा हिसाब गरिन्छ भने सम्बन्धित सम्पति वा नगद आर्जन एकाईको बिशेष जोखिमलाई प्रतिबिम्बित गर्ने डिस्काउण्ट दर प्रयोग गरिन्छ ।

पुर्नमूल्यांकन नभएको सम्पतिमा क्षयबाट भएको नोक्सानीलाई तुरून्त नाफा वा नोक्सान कायम गरिएको छ । पुनमूल्यांकित सम्पत्तिमा क्षयबाट भएको नोक्सानीलाई पूनमूल्यांकन जगेडा (Surplus) को रकम सम्मको क्षयलाई अन्य विस्तृत आय (Other Comprehensive Income) मा समायोजन गर्ने गरिएको छ ।

क्षयको नोक्सानीलाई कायम गरेपछि सम्पतिमा ह्रास कट्टी वा अपलेखनलाई भविष्यमा सम्पतिको पुनमूल्यांकित बाँकी मोलमा उपर्युक्त आधारमा बाँकी उपयोगी जीवनभर छुट्याउनु पर्दछ ।

ख) क्षय नोक्सानीको रिभर्सल (Reversal of Impairment Loss)

पुनमूल्यांकित नभएको सम्पतिको क्षय नोक्सानीलाई रिर्भसल गर्दा तुरून्त नाफा वा नोक्सानमा कायम गर्नुपर्छ । पूनमूल्यांकित सम्पतिमा क्षय नोक्सानीलाई रिर्भरसल गर्दा अन्य विस्तृत आयमा कायम गर्नुपर्छ र सो सम्पतिको पूर्नमूल्यांकन Surplus लाई बढाउनु पर्छ । तर पुर्नमूल्यांकित सम्पतिमा क्षय नोक्सानीमा पहिले नाफा वा नोक्सान भनी कायम गरेको हदसम्म क्षय नोक्सानीको रिभर्सल (Reversal) लाई नाफा वा नोक्सानमा नै कायम गर्नुपर्छ ।

१.३.१७ विभिन्न वर्गका सम्पतिले निम्न लागत समावेश गर्दछन

१.३.१७.१. जमिन लागत

निम्न लागतलाई जमिनको लागतमा समावेश गरिएको छ ।

- क) जमिनको खरिद मूल्य,
- ख) जमिन लिंदाको क्षतिपूर्ति रकम,
- ग) जमिनमा भएको रूख र बालीको क्षतिपूर्ति रकम,
- घ) कुनै अनावश्यक संरचनालाई भत्काउन लाग्ने खर्च,
- ङ) जमिन खरिदसंग सम्बन्धित कानूनी खर्च,
- च) जमिनको नापी खर्च,
- छ) जमिनको सर्भे खर्च (Survey Expenses),
- ज) जमिनलाई ग्रेडिङ र लेभलिंग गर्दा लाग्ने खर्च तथा भवन निर्माणसंग सम्बन्धित ग्रेडिङ र लेभलिंग खर्चलाई भवनको लागतमा समावेश गरिएको छ ।

- सरकारी निकायलाई दिइएको धितो (Deposit) लाई जमिनको लागतका रूपमा देखाइन्छ जो अन्तिम राफसाफ (Settlement) र जमिनमा अधिकार (Title Deeds) स्थापित भएपछि मिलाइन्छ।
- सरकार वा अन्य निकायबाट अनुदानका रूपमा प्राप्त जमिनलाई जगेडा पूँजी (Capital Reserve) अन्तर्गत प्रस्तुतीकरण गर्नु पर्दछ।
- स्वामित्व कागजात नभएका जमिनलाई सम्पति कायम हुने शर्त पालन भएको खण्डमा रुप भन्दा सार महत्वपूर्णको सिद्धान्त अनुरूप कायम गरिनेछ।

१.३.१७.२ भवन

१.३.१७.२.१ खरिदको सम्बन्धमा निम्न लागतलाई भवनको लागतमा समावेश गर्ने नीति लिइएको छ।

क) खरिद मूल्य

ख) भवन लिंदाको क्षतिपूर्ति रकम,

ग) कानूनी खर्च,

घ) भवनलाई प्रयोग योग्य अवस्थामा पुर्‍याउन लाग्ने मर्मत ,संभार खर्च,

१.३.१७.२.२ निर्माणको सम्बन्धमा निम्न लागतलाई भवनको लागतमा समावेश गरिन्छ।

क) सर्भे खर्च,

ख) भवनको डिजाइनको आर्किटेक खर्च,

ग) नगरपालिका या अन्य निकायबाट अनुमति (Permits, Sanctioned Plan) लिदा लागेको खर्च,

घ) पूर्णरुपमा बनि नसकेको संरचनामा भएको बीमा खर्च,

ङ) निर्माणसंग सम्बन्धित वस्तु ,ज्याला आदि खर्च,

च) परामर्शदातालाई तिरेको रकम,

१.३.१७.२.३ निम्न निर्माणलाई पनि भवन निर्माणका रूपमा लिइन्छ।

क) पर्खाल,

ख) कार्यालय परिधि भित्रको सडक,

ग) अन्य सजावटका लागि भएका निर्माण,

१.३.१७.३ संयन्त्र र उपकरण

संयन्त्रको लागतमा निम्न खर्च समावेश गरिन्छ।

क) पूँजीगत कम्पोनेन्टको लागत(Cost of Capital Component),

ख) प्रत्यक्ष ज्यालाको खर्च (Direct Wages),

ग) प्रत्यक्ष सिरोभर खर्च (Direct Overhead),

१.३.१७.४ गाडी,सवारी साधन

सवारी साधनको लागतमा निम्न कुराहरू समावेश गरिन्छ।

क) खरिद मूल्य,

ख) भन्सार शुल्क र अन्य कर,

ग) ढुवानी खर्च र बीमा

१.३.१८ प्रयोगमा ल्याइसकेको सम्पतिमा हुने मर्मत सम्भार खर्च

क) नयाँ संरचनाका रूपमा भएको विस्तार जसले भवनको क्षमताको वृद्धि गर्छ ,सो लाई पूँजीकृत गरिन्छ। उदाहरणको लागि , नयाँ कोठा ,नयाँ गोदाम ,गोदामको क्षमता वृद्धि ,नयाँ स्नानघर र शौचालय आदिको निर्माण।

ख) पूर्व निर्धारित क्षमता वा सुविधालाई नबढाउने खालका निर्माणलाई जतिसुकै मोलको भएतापनि पूँजीकृत गरिन्न। त्यस्ता खर्च मर्मत सम्भार प्रकृतिका हुन। उदाहरणको लागिः पुरानो भवनको छाना परिवर्तन गर्नु, भवनको कुनै भागलाई भत्काई पूनःनिर्माण गर्नु आदि।

ग) काठ वा मेटल प्रयोग गरी छुट्याउने प्रकृतिको अन्य खर्चलाई फर्निचर तथा फिक्स्चर्स शिर्षक अन्तर्गत पूँजीकृत गर्नुपर्छ। यस्ता छुट्याउने प्रकृतिक तीन लाख रुपैया सम्मको खर्चलाई भने पूँजीकृत गरिन्न र वार्षिक खर्चका रूपमा लेखांकन गरिन्छ।

घ) पर्खाल लगाइ पार्टिशन गरेको तीन लाख रुपैया सम्मको खर्चलाई खर्चमा लेखांकन गरिन्छ भने सो भन्दा बढी खर्चलाई सम्बन्धित भवनमा पूँजीकृत गरी भवनको बाँकी जीवन अवधिमा ह्रास कट्टी गरिन्छ।

ङ) अन्य सिभिल निमार्ण जस्तो पर्खाल आदि खर्च पांच लाख रुपैया भन्दा बढी भएमा सम्बन्धित भवनमा पूँजीकृत गरिन्छ।

च) मूलरूपले निर्धारण गरिएको कार्य सम्पादनको स्तरभन्दा बढी भविष्यमा आर्थिक लाभ प्रवाह हुने सम्भावना भएमा , त्यस्ता संयन्त्रसंग सम्बन्धित परवर्ती खर्चलाई पूँजीकृत गरिन्छ। अन्य मर्मत सम्भार प्रकृतिका र भागलाई सामान्य बदली गर्दा लाग्ने परवर्ती (Subsequent) खर्चलाई खर्चका रूपमा लेखांकन गरिन्छ।

१.३.१९ पूँजीकृत गर्ने समय

क) जमिनलाई सो संग सम्बन्धित अधिकार पत्र (Title Deed) प्राप्त भएपछि मात्र पूँजीकृत गर्नुपर्छ। तथापि सम्पतिमा स्वामित्वको अधिकार प्राप्त भइसकेको अवस्थामा पनि Provisional रूपमा पूँजीकृत गर्न सकिन्छ।

ख) भवन र अन्य सिभिल निर्माणलाई प्रयोगका लागि उपलब्ध भएपछि मात्र पूँजीकृत गर्नुपर्छ। Acceptance Certificate' प्राप्त नभएको खण्डमा Provisional आधारमा पूँजीकृत गर्न सकिन्छ।

ग) संयन्त्र र उपकरणलाई प्रयोगको लागि उपलब्ध भएको समय देखि पूँजीकृत गर्न सकिन्छ। 'प्रयोगको लागि उपलब्ध 'लाई सावधानी पूर्वक व्याख्या गर्नु पर्दछ। जस्तैः भवन आफैमा सम्पन्न भईसके पनि भवनमा राखिने उपकरण प्रयोगका लागि उपलब्ध नहुन सक्छ। त्यस्तो अवस्थामा भवनको उद्देश्य उपकरण राख्नु हो, उपकरणको मार्फत सेवा पुर्याउनु होइन। तसर्थ ,भवनलाई उपकरण राख्नका लागि प्रयोगको लागि उपलब्धका रूपमा लिनुपर्छ र उपकरणलाई भवनमा राखेको मिति देखि ह्रास कट्टी गर्नुपर्दछ।

संयन्त्र र उपकरणको सम्बन्धमा तिनीहरूले ग्राहकलाई क्षमता अनुसारको सेवा पुरयाउन सक्षम भएको अवस्थामा प्रयोगका लागि उपलब्ध भनी लिनुपर्छ।

घ) पूँजीगत सम्पतिको प्रत्यक्ष खरिदको सम्बन्धमा ,सो सम्पति प्राप्त भएको प्रतिवेदन मिति देखि पूँजीकृत गर्नुपर्छ। प्राप्ति प्रतिवेदन(Receipt Report) उपलब्ध नभएको खण्डमा बिलको मितिको आधारमा पनि पूँजीकृत गर्न सकिन्छ।

१.३.२० अन्य सम्पत्ति

क) कहिले काही पूँजीगत खर्च भएतापनि सम्पति प्राधिकरणको स्वामित्वमा नरहन सक्छ। जस्तैः नगरपालिकाको जग्गामा कार्यालय सम्म जानका लागि सडकको निर्माण । त्यस्तो अवस्थामा त्यस्ता खर्चलाई जायजेथाको विकास (Development of Property) शीर्षकमा खर्च देखाउनु नीति लिएको छ।

ख) कहिले काही दुर्गम क्षेत्रमा निर्माण गर्नु परेमा वा निर्माण अवधि बढेमा कुनै Facilities किन्नुपर्ने वा अस्थायी निर्माण गर्नुपर्ने हुन्छ। निर्माण सम्पन्न भएपछि त्यस्ता अस्थायी निर्माणलाई हटाइन्छ र त्यो हटाउन लाग्ने कवाडी बिक्री (Scrap Sale) खर्चलाई घटाई आउने मोललाई निर्माण लागतमा समावेश गर्नुपर्दछ। यदि अन्य उपकरण, जस्तै क्रेन आदि खरिद गरेको भए त्यसको मुल मूल्य पछि निर्माण सम्पन्न भएपछि त्यसलाई बेच्दा आउने बिक्री मूल्य घटाई निर्माण लागतमा समावेश गर्ने नीति लिइएको छ।

ग) संयन्त्र र उपकरणको जडानका लागि जारी गरिएको पूँजीगत भाग (Capital Parts) लाई पहिले सम्बन्धित पूँजीगत निर्माण खाता (Capital Work In Progress) मा प्रवृष्टि गर्नुपर्दछ र पछि जडान सम्पन्न भई प्रयोगको लागि उपलब्ध हुँदा त्यसलाई पूँजीकृत गर्ने नीति लिइएको छ।

घ) कुनै संयन्त्र र उपकरणलाई राख्नको लागि निर्माण गरिने Foundation लाई सो संयन्त्र र उपकरणमा पूँजीकृत गर्दै सोही दरमा ह्रास कट्टी गर्नुपर्छ। तथापि त्यसरी निर्माण गरिने Foundation ले कुनै अन्य प्रयोजन पनि पूरा गर्ने भए ,त्यसलाई सिभिल निर्माणको उपयुक्त शिर्षकमा प्रवृष्टि गर्नुपर्छ। जस्तैः जेनेरेटर राख्नलाई बनेको Foundation लाई जेनेरेटरको लागतमा समावेश गरिन्छ। तर जेनेरेटर राख्नलाई बनेको सेड (Shed) लाई भवन खाता (Building Account) मा प्रस्तुत गर्ने नीति लिइएको छ।

१.४ वित्तिय उपकरण - वित्तिय सम्पत्ति

१.४.१ वर्गीकरण

नेपाल लेखामान ३२-वित्तिय उपकरणः(Financial Instrument) प्रस्तुतीकरण र नेपाल लेखामान ३९ वित्तिय उपकरण कायम र मापन अनुसार वित्तिय सम्पतिलाई निम्न वर्गमा वर्गीकृत गरिएको छ ।

क) नगद र बैंक Securities मा लगानी
ख) आसामी (Trade Receivables)
ग) ऋण ,सापटी र अन्य सम्पति
घ) इक्वीटीमा लगानी (Investment in Equity)
ङ) कर्पोरेट बोण्ड र ऋणपत्र
च) बैंकमा Term Deposit लगानी
छ) सरकारी सुरक्षण (Securities) मा लगानी

क) नगद र बैंक मौज्दात

नगद अन्तर्गत नगद मौज्दात र Demand Deposit पर्दछन ।
नगद सरह भन्नाले छोटो अवधि भएको र उच्च तरलता भएको जसलाई सजिलै मुद्रामा परिवर्तन हुने र कुनै महत्वपूर्ण जोखिम नभएको रकममा परिवर्तन गर्न सकिने लगानी हो । ग्रहण गरेको मिति (Date of Acquisition) देखि ३ महिना वा कम अवधि भएको आवधिक निक्षेपलाई नगद सरहका रूपमा लिइन्छ ।

ख) ब्यापारिक प्राप्य, आसामी

- ब्यापारिक प्राप्य भन्नाले सेवाग्राहीले संस्थालाई दिनुपर्ने रकम हो । यसमा कुनै व्याज लाग्दैन र यसलाई सुरूमा कायम भएको रकममा कुनै क्षय नोक्सानी घटाइ आउने बाँकी रकम (Carrying Amount) मा मापन गरिन्छ । व्यवस्थापनलाई रकम उठ्न नसक्ने भन्ने लागेमा त्यस्ता आसामीलाई अपलेखन (Written Off) गरिन्छ । खराब र शंकास्पद आसामीको व्यवस्था पछिको बाँकी रहेको रकम प्राधिकरणले आसामीको रूपमा लेखांकन गर्ने नीति लिइएको छ ।
- खराब र शंकास्पद आसामी व्यवस्था
  - एक सय असि (१८०) दिन भन्दा पुराना रकम बाँकी रहेको आसामीको रकममा त्यस्तो रकमको १००% सम्म व्यवस्था गर्नुपर्दछ ।
  - अन्य आसामिको हकमा व्यवस्थापनले शंका गरे बमोजिम व्यवस्था गर्ने गरिएको छ ।
  - खराब आसामीको रकमलाई अधिकार प्राप्त निकाय (Competent Authority) संचालक समितिको स्विकृति लिई मात्र अपलेखन गर्ने सम्पतिबाट घटाउने, नाफा र नोक्सानका रूपमा अपलेखन गर्ने नीति लिइएको छ ।
- आसामीको क्षय
  अपलेखन गर्नुपर्ने सम्भावित सम्पतिलाई मिल्ने क्रेडिट जोखिम प्रकृति (Similar Credit Risk Characteristics) का आधारमा समूहमा राखी समूहगत रूपमा क्षयको परिक्षण गर्नुपर्दछ र आवश्यक अनुरूप अपलेखन गर्नुपर्दछ । प्राप्त गर्नुपर्ने रकमको अवधी (Ageing) र पछिल्ला अनुभवको आधारमा असुलीयोग्य नभएको रकमको अनुमान गर्ने गरिएको छ ।

ग) ऋण, पेश्की र अन्य सम्पति

संस्थाले लिनुपर्ने व्याज (Interest Accrued) ,कर्मचारी विरूद्धको (Against) दावी र पेश्की ,सेवाग्राहीमा रहेको दावी र पेश्की आदिलाई समेट्दछ ।

- लिनुपर्ने **व्याज (Interest Accrued)**

  लिनुपर्ने व्याज भन्नाले नेपाल लेखामान -१८ आय अन्तर्गत व्याज भनी समयको आधारमा छुट्याई कायम गरिएको तर लिन बाँकी रकम हो। यी रकमहरू सामान्य व्यापारको क्रममा पाइने रकम रहेको आशा रहन्छ र यसलाई लागत मूल्यमा लेखांकन गरिन्छ।

- **कर्मचारी विरूद्धको दावी र पेश्की**

  यस अन्तर्गत वर्षको अन्त्यमा समायोजन गर्न बाँकी कामकाजी पेश्की (Work Advances) र प्राधिकरणको कर्मचारीसंग सम्बन्धित प्रावधान अनुरूप कर्मचारीलाई दिइएको ऋण र पेश्की पर्दछन्।

  कर्मचारीलाई सम्पूर्ण ऋण अवधिको व्याज असुल उपर गरिने गरी ऋण वा ब्यक्तिगत पेश्कीको भुक्तानी गर्नुपर्दछ। साँवालाई ऋणको अवधिभरी किस्तामा असुल गरिन्छ। यस्ता ऋणलाई प्रभावकारी व्याजदर (Effecting Interest Rate) का आधारमा अपलेखित लागतमा लेखांकन गरिन्छ। प्रभावकारी व्याज (Effecting Interest) लाई नाफा र नोक्सानमा लेखांकन गरिन्छ।

- **पेश्की तथा अपुर्तिकर्ता माथिको दाबी तथा अन्य**

  ठेक्का अन्तर्गत आपूर्तिकर्तालाई गरिएको पेश्की खर्च र अन्य खर्चहरू कुनै वित्तिय शुल्क विना नै दिईन्छ। यी खर्चहरू संचालनको अवधिको एक बर्ष भित्र फछयौट गरिन्छ र ती खर्चहरूलाई परल मोलमा लेखांकन गरिन्छ।

- **पूर्व भुक्तानी तथा अग्रीम आयकर, अन्य सम्पत्ति**

  यस अन्तर्गत अग्रिम कर भुक्तानी र पूर्व भुक्तानी खर्चहरू (Prepaid Expenses) पर्दछन्।

- **अग्रीम कर भुक्तानी** (Advance Tax Payment)

  कुनै आर्थिक बर्षको लागि तिर्नुपर्ने कर भएमा अग्रीम करको रूपमा तिरिन्छ तर त्यस्तो करलाई आन्तरिक राजश्व कार्यालयले पछि अन्तिम करको रूपमा निर्धारण गर्नेछ। जब सम्म कर निर्धारण प्रकृया समाप्त हुदैन तब सम्म यस्तो भुक्तानी भएको करलाई अग्रीम कर भनी लेखाङकन गरि सम्पतिमा देखाउनु पर्दछ।

  यस्ता अग्रीम भुक्तानीहरूलाई कर्जा तथा सापटी अन्तर्गत विना कुनै समाप्ति समय नतोकी लेखाङकन गरिन्छ।

- **पूर्व भुक्तानी खर्चहरू** (Prepaid Expenses)

  यी खर्चहरू भनेका त्यस्ता खर्चहरू जुन एक आर्थिक बर्ष भन्दा वढिका लागि गरिन्छ। यस्ता खर्चहरूलाई यो जुन आर्थिक बर्ष संग सम्वन्धित छ सोही आर्थिक बर्षमा लेखाङकन गरिनुपर्छ।

घ) ईक्विटीमा लगानी (Investment In Equity)

यस्ता लगानीहरूलाई बिक्रीका लागि उपलब्ध लगानी (Available For Sale-AFS) अन्तर्गत वर्गीकरण गरिनुपर्छ। यस्ता लगानीलाई सुरूमा परल मूल्य ,जो चाही लगानीका दिन उचित मूल्य (Fair value) मानी कायम गरिन्छ। विक्रीका लागि उपलब्ध लगानीमा हुने उचित मूल्य (Fair Value) परिवर्तनलाई सिधै ईक्विटी अन्तर्गत Statement Of Change In Equity मार्फत ,विक्रीका लागि उपलब्ध सम्पतिको ब्याज (जो चाहि प्रभावकारी आम्दानीका आधारमा आय गणना गरिन्छ) क्षय नोक्सानी तथा विदेशी मुद्रा सटही नाफा वा नोक्सान बाहेक लेखाङकन गरिन्छ। आर्थिक सम्पतिलाई गैर-पहिचान गर्दा ईक्विटीमा प्रस्तुत गरेको संचित घाटा/नाफा रकमलाई नाफा वा नोक्सान हिसाव खातामा लेखाङकन गर्नु पर्दछ।

यदि प्राधिकरणले यस्ता लगानीलाई भविष्यका लागि सुरक्षित राख्न चाहेमा यस्ता लगानीलाई गैर चालु लगानी अन्तर्गत बर्गीकृत गर्ने नीति लिइएको छ।

ङ) **Corporate बोण्ड तथा ऋणपत्र**

१) कर्पोरेट बण्ड (Corporate Bond)

Maturity अवधी निश्चित नभएका बोन्ड लगानीहरूलाई चालु कर्जा लगानी तथा प्राप्य अन्तर्गत परल मूल्यमा वर्गीकृत गरिन्छ । यदि प्राधिकरणले यस्ता लगानीलाई भविष्यका लागि राख्न चाहेमा यस्ता लगानीलाई गैर चालु लगानी अन्तर्गत वर्गीकृत गर्ने नीति लिइएको छ ।

२) ऋणपत्र (Debenture)

यदि यस्ता उपकरणहरूको ब्याजदर निश्चित कुपन दर छ र यस्ता उपकरणहरू भविष्यमा साँवा र ब्याज भुक्तानीका लागि मात्र राखिन्छ र मूल्यमा कुनै Premium/Discount संलग्न गरिएको छैन भने मूलभुत कुपन दरलाई नै प्रभावकारी ब्याजदर लिईन्छ । ऋणपत्रलाई चालु वा गैर चालु अन्तर्गत Maturity समय तथा सम्पूर्ण रकम फिर्ता हुने अपेक्षाका आधारमा वर्गीकरण गरिन्छ । यदि यस्ता उपकरणहरू प्रिमियममा खरिद गरेमा यस्ता लगानीहरूको प्रभावकारी व्याजदर त्यसको कुपन रेट भन्दा फरक हुन्छ । यस अन्तर्गतका लगानीहरूका लागि प्रभावकारी व्याजदर निकाल्नु पर्दछ । प्रभावकारी व्याजको आधारमा आएको व्याज आयलाई नाफा वा नोक्सान विवरणमा प्रविष्टी गर्नु पर्दछ ।

च) बैंकमा आवधिक बचतमा लगानी

यस्ता उपकरणहरू नेपाल लेखामान (NAS३९) वित्तिय उपकरण अनुसार वर्गीकरण गरिन्छ । पहिचान र मापन- Maturity अवधिसम्म कायम गरिन्छ र प्रभावकारी व्याजदर (Effective Interest Rate) मा प्रयोग गरेर अपलेखित मूल्य (Amortized Cost) मा कायम गरिन्छ । यस्तो उपकरणहरू साँवा र व्याज मिलान गर्नका निमित्त मात्र कायम गरिन्छ । त्यसैले आन्तरिक कुपन दरलाई नै प्रभावकारी व्याजदरको रूपमा लिइन्छ । निक्षेपको Maturity अवधि विचार गरेर यस्ता उपकरणलाई चालु सम्पतिमा वर्गीकृत गरिन्छ ।

छ) सरकारी उपकरणमा लगानी

- यदि यस्तो उपकरणहरूको कुपन दर स्थिर छ, साँवा र व्याज मिलान गर्नका निम्ति मात्र कायम गरिएको छ भने ,आन्तरिक कुपन दरलाई नै ऋणपत्रको प्रभावकारी व्याजदरको रूपमा लिइन्छ ।
- पुरै रकम फिर्ता हुने अपेक्षित गरेको उपकरणहरूको Maturity अवधि अनुसार चालु वा गैरचालुका रूपमा वर्गीकरण गरिन्छ ।
- यदि यस्ता उपकरणहरू प्रिमियममा खरिद गरेको हो भने ,प्रभावकारी व्याजदर उल्लेखित कुपन दर भन्दा भिन्न हुन्छ । प्रभावकारी व्याजदरमा आधारित व्याज आय ,नाफा वा नोक्सान विवरणमा प्रविष्टी गरिन्छ ।

१.४.२ वित्तिय सम्पतिको ह्रास (Impairment of Financial Assets)

यदि सम्पतिको प्रारम्भिक मोल कायम पछि उत्पन्न भएको एक वा बढी घटनाको परिणामको उद्देश्यमूलक प्रमाण छ भने मात्र एक वित्तिय सम्पति वा समूहको क्षय/नोक्सानी कायम गरिन्छ । प्राधिकरणले प्रत्येक वितिय प्रतिबेदन मितिमा कुनै उद्देश्यमूलक प्रमाण छ कि छैन निर्धारण गर्नुपर्दछ । यदि त्यस्तो प्रमाण छ भने निकायले क्षय नोक्सानी कायम गर्ने कि नगर्ने भन्ने निर्धारण गर्न विस्तृत क्षय (Detailed Impairment) गणना गर्नुपर्दछ ।

नोक्सानीको रकमलाई सम्पतिको बाँकी मोल र वित्तिय सम्पतिको मूल प्रभावकारी व्याजदरले डिस्काउन्ट गरेको अनुमानित नगद प्रवाह बीचको फरकको रूपमा मापन गरिन्छ । एकल रूपमा निर्धारित सम्पति र जसको लागि कुनै क्षय अवस्थित छैन, त्यस्तो सम्पतिलाई उस्तै क्रेडिट जोखिम भएको सम्पतिको समूहमा राखिन्छ र संगै क्षय निर्धारण गरिन्छ । नेपाल वित्तिय प्रतिबेदनमान लागू भए पश्चात प्रत्येक ३/३ वर्षमा सम्पति को Impairment Test गर्नुपर्दछ ।

यदि पछिल्लो अवधिमा अपलिखित लागतमा मूल्यांकित वित्तिय सम्पति वा बिक्रीको लागि उपलब्ध मोलमा मूल्यांकित ऋण उपकरणसंग सम्बन्धित क्षय नोक्सानीको रकम मूल रूपमा कायम गरेको क्षय भन्दा पछि उत्पन्न भएको घटनाका कारण घटन जान्छ भने पहिला कायम गरेको क्षय नोक्सानीलाई रिभर्स गरिन्छ। बिक्रीको लागि उपलब्ध इक्विटी उपकरणमा लगानीसंग सम्बन्धित क्षयलाई नाफा वा नोक्सानी रिभर्स गरिदैन ।

१.५ जिन्सी

१.५.१ जिन्सी मौज्दातलाई लागत (Cost) र खुद असुली योग्य मोल (Net Realizable Value) मध्ये जुन कम हुन्छ त्यसैमा मापन गरिनु पर्दछ । जिन्सीको लागतमा खरिदका सबै लागतहरू, रूपान्तरण लागतहरू र जिन्सीलाई हालको स्थान र अवस्था सम्म ल्याँउदा व्यहोरिएका अन्य सबै लागतहरू पर्दछन् । जिन्सी मुख्यत: मसलन्द तथा छपाईका सामानहरु र अन्य सामान जुन पूँजिकरण गर्न योग्य नहुने सामानहरू पर्दछन ।

१.५.२ खुद असुलीयोग्य मोल (Net Realizable Value - NRV)

खुद असुलीयोग्य मोल भनेको पूर्णता दिन लाग्ने अनुमानित लागत तथा विक्रि गर्न आवश्यक अनुमानित लागतहरू घटाए पछिको अनुमानित विक्रि मूल्य हो ।

१.५.३ जिन्सीहरू पहिले प्राप्ति पहिले निष्कासन (First in First out Basis/FIFO) आधारमा लागतमा मापन हुन्छन ।

१.५.४ अप्रचलित (Obsolete)

जिन्सी सामानको अपचलनको रकम घटाएर प्रस्तुत गरिन्छ । यस्ता अप्रचलित सामानको अपचलन रकम त्यस्ता सामानको खुद असुलीयोग्य मूल्यसंग लगभग उस्तै हुने मूल्य अनुमानित गरिन्छ । व्यवस्थापनद्धारा जिन्सीको विगत उपयोग ५ वर्ष भन्दा बढी, (२-५) र(१-२) वर्ष अनुसार अप्रचलित, अचल र ढिलो चल्ने जिन्सीका रूपमा वर्गीकरण गरिन्छ र सोहि अनुसार अपचलन रकम समायोजन गरिन्छ ।

क) ढिलो चल्ने (Slow Moving) १० प्रतिशत ,अपचलन एक वर्ष भन्दा बढी निष्क्रिय बस्ने जिन्सीका लागि,

ख) अचल (Non-moving)– २० प्रतिशत ,अपचलन दुई वर्ष भन्दा बढी निष्क्रिय बस्ने सबै जिन्सीका लागि,

ग) अप्रचलित (Obsolescence)– ५० प्रतिशत ,अपचलन पाँच वर्ष भन्दा बढी निष्क्रिय बस्ने जिन्सी र अप्रचलित रूपमा वर्गीकृत जिन्सीका लागि

यद्यपि व्यवस्थापनले आवश्यकता अनुसार कुनै विशेष जिन्सीका लागि अपचलन नराख्ने निर्णय गर्न सक्नेछ ।

१.५.५ अप्रचलित र हानी भएका जिन्सीलाई नाफा वा नोक्सान खातामा अपलेखन गरिन्छ । अघिल्लो वर्षहरूमा कुनै अपलेखन भएको छ भने त्यो रकमलाई समायोजन गरिन्छ र जिन्सी मौज्दातको लागतलाई अपलेखन गरिन्छ ।

१.५.६.एकाई मूल्य रू .५००० (पाँच हजार) सम्म भएको स्पेयर पार्टसलाई त्यसको उपभोगको आधार बाहेक सोझै खर्च लेखाकंन गर्न सकिनेछ ।

१.५.७ .जिन्सी निरीक्षणमा घटी भएको जिन्सीलाई पुष्ट्याउने कागजात सहित अख्तियार प्राप्त अधिकारीसंग स्वीकृत गराउनु पर्दछ । यदि त्यस्तो घटीको कारण उचित सिद्ध भएन भने सोहि रकमलाई Shortage in Stock Pending Investigation शिर्षकमा खर्च गरिनेछ । अन्त्यमा सोही रकमलाई अनुसन्धान सकिएपछि उपयुक्त शीर्षकमा अपलेखन गरिन्छ ।

१.५.८ यदि स्पेयर पार्टस कुनै सम्पतिसंग विशेष सम्बन्धित छैन र निरन्तर प्रयोगमा छन भने त्यसलाई जिन्सी रूपमा लेखांकन गरिनेछ र उपभोग भएको समयका नाफा वा नोक्सानमा खर्च लेखांकन गरिनेछ ।

१.५.९ यदि स्पेयर पार्टस कुनै सम्पतिसंग विशेष सम्बन्धित छन् र निरन्तर प्रयोगमा छैनन भने त्यस्तो स्पेयर पार्टसलाई छुटै पूँजिकरण गरिनेछ र उक्त मेसिनको उपयोगी जीवन भन्दा बढी नहुने गरि ह्रासकट्टी गरिनेछ । मेशिन बेच्ने समयमा स्पेयर पार्टसको मूल्यलाई अपलेखन गरिनेछ ।

१.५.१०.जिन्सी बिक्री गर्दा, सम्बन्धित जिन्सीको Carrying Amount लाई जुन अवधिमा बिक्री आम्दानी लेखाकंन गरिएको हो सोही अवधिमा खर्च लेखाकंन गर्नुपर्दछ।

१.५.११ .खुद असुली योग्य मूल्यको बृद्धिबाट हुने जिन्सीको अपलेखनलाई रिभर्स गरेको रकमलाई रिर्भस गरेको अवधिमा खर्चको रूपमा कायम गरिएको जिन्सीको रकममा घटाएर लेखांकन गरिनेछ।

१.६ अन्य दायित्व र व्यवस्था (Other Liability and Provision)

चल दायित्व र अन्य वक्यौताहरू लागत रकममा लेखांकन गरिन्छ। व्यवस्था भनेको अनिश्चित समय र अनिश्चित रकमको दायित्व हो। कुनै व्यवस्थालाई निम्न अवस्थामा मात्र कायम गर्ने नीति लिइएको छ।

विगतको घटनाको परिणाम स्वरूप संस्थाको वर्तमान अभिभारा कानुनी वा रचनात्मक **(**Legal or Constructive) रहेको छ। सो अभिभारा फरफारक गर्नको लागि आर्थिक फाइदारूपी संशोधनहरू बाहिरिने सम्भावना रहेको छ र सो अभिभाराको रकमको भरपर्दो अनुमान गर्न सकिन्छ। कायम गरेको व्यवस्थाको रकम रिर्पोटिङ मितिमा वर्तमान अभिभारा फछर्योट गर्न आवश्यक खर्चहरूको व्यवस्थापनले गरेको उचित अनुमान हो।

१.६.१ व्यवस्थामा परिर्वतन

व्यवस्थापनद्धारा हरेक वित्तिय प्रतिबेदन मितिमा व्यवस्थाको समिक्षा गरिन्छ र सबैभन्दा उचित वर्तमान अनुमान प्रतिबिम्बत गराउने गरी समायोजन गरिन्छ। यदि अभिभारा फछ्रयोर्ट गर्न आर्थिक लाभको हस्तान्तरण आवश्यक हुने कुनै सम्भाव्य छैन भने व्यवस्था कायम गरिदैन।

१.६.२ व्यवस्थाको प्रयोग

पहिले नै ब्यवस्था गरिएका खर्चको शीर्षकहरुवाट मात्र सो खर्चको ब्यवस्था समायोजन गर्न सकिनेछ।

१.७ कर्मचारी लाभ

१) वर्तमान तलब भत्ता र लाभ जुन कर्मचारीलाई वर्तमान अवधिमा भुक्तानी गरिन्छ ,यस्तालाई लागतमा समावेश गर्नुपर्दछ।

२) रोजगारी सकिएपछिका सुविधाहरू

प्राधिकरणले आफ्ना कर्मचारीहरूका लागि विभिन्न परिभाषित लाभ र परिभाषित योगदान योजनाहरू सञ्चालन गर्छ।

क) परिभाषित योगदान योजना (Defined Contribution Plan)

प्राधिकरणका कर्मचारीलाई प्रदान गरिएको परिभाषित रोजगारी पछिका लाभहरूमा संचय कोषमा कर्मचारीको योगदान र Contributory Pension Fund संग सम्बन्धित खर्चहरू समावेश गरिन्छ।

ख) परिभाषित लाभ योजना (Defined Benefits Plan)

परिभाषित लाभ योजनामा बिदा वापतको भुक्तानी खर्च र निवृतिभरण र उपदानसँग सम्बन्धित खर्च पर्दछन् र अवकाश प्राप्त कर्मचारीको लागि निवृतिभरण र उपदान विमांकिक निर्धारण (Actuarial Assessment) अनुसार अवकाश वर्षमा प्रदान गरिनेछ।

ग) बिदा वापतको रकम

विदा वापतको रकम विमांकिक निर्धारण (Actuarial Assessment) अनुसार अवकाश वर्षमा प्रदान गरिनेछ, घर विदा र बिरामी विदा प्रोदभावी आधारमा लेखांकन गरिनेछ।

सम्पूर्ण कर्मचारी खर्चहरू प्रोदभावी आधारमा लेखांकन गरिनेछ। यस्तो खर्चहरु भुक्तानी भए/नभए पनि खर्च लेखांकन गर्नु पर्दछ।

बोनस व्यवस्था र प्रोत्साहन प्रधान कार्यालयमा प्रोदभावी आधारमा लेखांकन गरिनेछ।

प्रत्येक वर्ष बोनस व्यवस्था बोनस ऐन अनुसार र नेपाल सरकारको निर्देशन अनुसार राखिनेछ।

नेपाल वित्तिय प्रतिबेदनमान लागू भएको वर्ष र सो पश्चात प्रत्येक वर्षमा Actuarial Valuation गराई सोही अनुसार वित्तिय प्रतिबेदनमा दर्शाउनु पर्दछ।

१.८ कन्टिजेन्सी र प्रतिबद्धता (Contingencies and Commitments)

कन्टिजेन्सी दायित्वहरू सम्भावित भविष्यमा नगद बाहिरि प्रवाह हुन जाने तर भुक्तानीको सम्भाव्य निकै कम भएको साथै भरपर्दो मापन हुन नसक्ने रकम यस अन्तर्गत पर्दछ । कन्टिजेन्सी दायित्व यदि महत्वपूर्ण छ भने सोको लेखा टिप्पणीमा खुलासा गरिन्छ । प्रतिबद्धता भनेको मुख्य रूपमा पूर्वाधार सम्बन्धमा सम्पति खरिद गर्ने सम्झौताहरू भविष्यमा भुक्तानी गर्ने एक करार अन्तर्गतको अभिभारा हो । यस्तो रकम वित्तिय स्थिति विवरणमा लेखांकन गरिदैन ।

१.९ आम्दानी (Revenue)

१) आम्दानीलाई प्रोदभावी आधारमा कायम गरिन्छ र प्राप्त प्रतिफलको उचित मोलमा मापन गरिन्छ । उचित मोलबाट व्यापारिक नगद छुट र सरकारी कर घटाइन्छ ।

२) पट्टा सञ्चालन गर्दा हुने पट्टा आय पट्टा अवधिभरि Straight – Line Basis मा कायम गरिन्छ ।

३) यदि कुनै आम्दानी असुली निश्चित छैन भने अनिश्चितता रहुन्जेल सम्म आम्दानी कायमलाई पछि सारिन्छ तर आम्दानीमा समावेश भैसकेको रकमको असुलीमा निश्चितता छैन भने असुलीयोग्य रकम अनिश्चितता उत्पन्न भएको अवधिमा खर्च रूपमा कायम गरिन्छ ।

४) प्राधिकरणको सम्पतिहरूको प्रयोगबाट आर्जन गरेको आम्दानीलाई निम्न बमोजिम कायम गरिन्छ ।
रोयल्टी–प्रोदभावी आधारम, लाभांश-भुक्तानी प्राप्त गर्ने अधिकार स्थापित भएको अवस्थामा ब्याज-समय अनुसारको अनुपातिक आधारमा ।

५) प्राधिकरणले प्रदान गरेको सेवा वापत विल गरेको रकमलाई प्रोदभावी आधारमा तथा सेवा प्रदायक संस्थावाट लामो समय सम्मको वक्यौता छ भने Discounting आधारमा आय गणना गर्नुपर्दछ ।

६) जरिवाना र ब्याज रकमलाई विजक जारी गरेको अवस्थामा आम्दानीको रूपमा गणना गर्नुपर्दछ ।

७) आम्दानी रकम भन्नाले प्राप्त भएको वा प्राप्त हुने नगद वा नगद सरह हो । यदि नगद वा नगद सरह आम्दानीको आगमन पछि सारियो वा स्थगित गरियो भने प्रतिफलको उचित मूल्य (Fair Value) प्राप्त भएको वा हुने नगदको नोमिनल मोल भन्दा कम हुन जान्छ । यस्तो अवस्थामा आम्दानीलाई Imputed Rate प्रयोग गरी प्राप्त हुने प्रतिफलको उचित मोलमा मापन गरिन्छ । भविष्यमा हुने सम्पूर्ण आगमनलाई डिस्काउन्ट गरेर वर्तमान मोलमा गणना गर्नु पर्दछ ।

८) डिस्काउन्ट दर निर्धारण गर्ने सिद्धान्तहरू:

९) प्राधिकरणले नेपाल वित्तिय प्रतिवेदनमान लागू भएको ३ वर्ष सम्म आम्दानीको लेखांकन प्रोदभाबी आधारमा र सो पश्चात Discounting Method मा गर्नुपर्दछ ।

- क) बजारमा चालु व्याजदर
- ख) डिस्काउन्ट दरले नगद प्रवाहमा निहित अवधारणाहरूलाई प्रतिबिम्बित गर्दछ
- ग) डिस्काउन्ट दर नगद प्रवाहलाई उल्लेख गरिएका (Denominated) मुद्राको आधारभूत आर्थिक कारकसंग एकरूप हुनुपर्दछ ।

१०) प्रतिफलको उचित मूल्य र नोमिनल मोल बीचको फरकलाई व्याज आयको रूपमा कायम गर्नुपर्दछ ।

१.१० विदेशी मुद्राको कारोबार

विदेशी मुद्राको कारोबारलाई कारोबारको समयमा विधमान विनिमय दर प्रयोग गरी चल्ती मुद्रा (Functional Currency) मा कायम गरिन्छ ।

- विदेशी मुद्रामा मुद्रित सम्पूर्ण सम्पति र दायित्वलाई वितिय प्रतिबेदन मितिमा भएको विनिमयदर प्रयोग गरि अनुवाद गरिएको छ ।
- सम्पूर्ण गैर मौद्रिक शीर्षकहरू जुन ऐतिहासिक लागतमा मापन हुन्छ यस्ता शीर्षकहरूलाई कारोबार मितिको विनिमय दर प्रयोगगरी अनुवाद गरिन्छ । उचित मूल्यमा मापन भएका गैर – मौद्रिक शीर्षकहरूलाई उचित मूल्य निर्धारण हुँदा अवस्थित विनिमय दर प्रयोग गरी अनुवाद गरिन्छ ।
- कारोबार मिति र अनुवाद मिति बिचमा हुने कुनै विनियम फरकका कारण भएका लाभ वा घाटालाई नाफा वा नोक्सानमा आय वा खर्च का रूपमा कायम गरिएको छ ।

१.११ कर्पोरेट कर र स्थगन कर (Corporate Tax & Deferred Tax)

- **चालु कर (Current Tax)**
  - चालु कर आयकर ऐन २०५८ का प्रावधान बमोजिम निर्धारण गर्ने गरिन्छ । आय करको प्रावधान अनुरूप नाफा नोक्सानमा समावेश भएका खर्च तथा आम्दानीको समावेशमा फरक हुने हुदाँ नाफा / नोक्सान बिवरणमा देखिएको कर अघिको नाफा / नोक्सानमा भिन्नता देखिने गर्दछ ।

- **स्थगन कर (Deferred Tax)**
  - स्थगित कर भनेको वित्तिय विवरणमा भएको सम्पति वा दायित्वको बाँकी मूल्य र करयोग्य नाफा निर्धारण गर्दा प्रयोग भएको कर आधार बीचको अस्थायी फरकबाट हुने तिर्नुपर्ने वा फिर्ता पाउनुपर्ने अपेक्षित कर रकम पर्दछ।
  - यसलाई वित्तिय स्थिति दायित्व विधि (Financial Position Liability Method) प्रयोग गरेर निर्धारण गरिन्छ।
  - स्थगित कर दायित्व सबै करयोग्य अस्थायी फरकको लागि कायम गरिन्छ र स्थगित कर सम्पति भविष्यमा करयोग्य नाफाबाट फिर्ता लिन सकिने सम्भावना भएको सिमासम्म सबै कट्टीयोग्य अस्थायी फरकहरूका लागि कायम गरिन्छ।

१.१२ लेखांकन नीति लेखांकन अनुमान र त्रुटीहरूमा परिवर्तन (Changes in Accounting Policies, Accounting Estimate and Errors)

१.१२.१ लेखांकन नीतिमा परिवर्तन

निम्न लिखित कुनै एक अवस्थामा मात्र लेखांकन नीतिहरूमा परिर्वतन गर्न सकिन्छः

क) कुनै मान तथा मानको व्याख्या अनुसार परिवर्तन गर्नुपर्ने भएमा ,अथवा

ख) परिवर्तनका कारणले कारोबार अन्य घटना र अवस्थाहरूले निकायको वित्तिय स्थिति, वित्तिय कार्यसम्पादन अथवा नगद प्रवाहमा पार्ने असरको बारेमा वित्तिय विवरणहरूले भरपर्दो र अझ सान्दर्भिक सूचना दिन सक्ने भएमा,

- पहिला उत्पन्न नभएका वा महत्वपूर्ण नरहेका घटनाहरूमा लेखांकन नीतिमा परिवर्तन हुने छैन।
- यदि नेपाल लेखामान वोर्डबाट जारी भएको नयाँ मानको कारण लेखांकन नीतिमा परिवर्तन आवश्यक छ भने उक्त परिवर्तनलाई नयाँ निर्देशनको आवश्यकता अनुसार लेखांकन गरिन्छ, निर्देशनमा नयाँ यदि शेष संक्रमणकारी व्यवस्था नभएमा उक्त परिर्वतनलाई पुर्वव्यापी रूपमा (Retrospectively) लागू गर्नुपर्छ।
- पुर्वव्यापी लागू भनेको विगतका वर्षमध्ये सबैभन्दा नजिकको वर्षको असर परेको प्रत्येक विगतको अवधिमा प्रस्तुत तुलनात्मक रकमलाई समायोजन गरिनेछ।
- तर यदि एक वा बढी प्रस्तुत विगतका अवधिमा अवधि विशेष असर वा संचित असर निर्धारण गर्न अव्यवहारीक छ भने पुर्वव्यापी लाभ व्यावहारिक हुने विगतका वर्ष मध्ये सबैभन्दा नजिकको वर्षको सम्पति दायित्वको बाँकी मूल्य मा नयाँ लेखांकन नीति लागू गरिन्छ।

१.१२.२ लेखांकन अनुमानमा परिर्वतन

लेखांकन अनुमानमा परिवर्तनको असरलाई चालु वर्ष देखि लागू हुनेगरि निम्न अवधिको नाफा वा नोक्सानमा कायम गरिन्छ।

क) परिवर्तन भएको अवधिमा यदि त्यस्तो परिवर्तनले उक्त अवधि मात्र असर गर्दछ भने वा

ख) परिवर्तन भएको अवधि र भविष्यको अवधिमा यदि परिवर्तनले दुवैलाई असर गर्दछ भने अनुमानमा परिवर्तनले सम्पति र दायित्वका परिर्वतन उत्पन्न गराउछ वा इक्विटीको आइटमसंग सम्बन्धित छ भने परिवर्तन भएको अवधिमा सम्बन्धित सम्पति दायित्व वा इक्विटीको बाँकी रकमलाई समायोजन गरेर कायम गरिन्छ।

१.१२.३ त्रुटी

विगत वर्षहरुको सारभुत गल्तिहरू वित्तिय विवरणको पहिलो सेट प्रकाशनको आधिकारिकता पछि विगत वर्ष देखि नै निम्न तरिकाबाट सच्याउनु पर्दछ।

क) विगत वर्षको तुलनात्मक अंक अथवा जुन अवधिमा गल्ति भएको हो सो को पुन तयार गर्नुपर्दछ।

ख) विगत बर्ष प्रस्तुत गरिएको सम्पति दायित्व वा स्वामित्व अंशको मौज्दात पूनः तयार गर्नुपर्दछ।

एक वा बढी प्रस्तुत विगत अवधिमा त्रुटिको अवधि – विशेष असर निर्धारण गर्न अव्यवहारिक छ भने पुर्वव्यापि पुनः तयारी व्यवहारिक हुने सबैभन्दा नजिकको अवधिको सम्पति दायित्व र इक्विटीको शुरू मौज्दात पुनः तयारी गर्नुपर्दछ ।

१.१३ सम्बन्धित व्यक्ति

१.१३.१ कुनै पार्टीलाई संम्बन्धित व्यक्ति भनिन्छ यदि,

क) एक वा सो भन्दा बढि Intermediaries बाट प्रत्यक्ष या परोक्ष पार्टीबाट,

- नियन्त्रित, नियन्त्रणमा रहनु या समान नियन्त्रणमा रहेको प्राधिकरण,
- प्राधिकरणमा सारभुत रूपमा फरक पार्ने गरी चासो रहेको,
- प्राधिकरण उपर संयुक्त नियन्त्रण रहेको,

ख) पार्टी, प्राधिकरणको Associates रहेको

ग) पार्टी प्राधिकरणसंगको संयुक्त साझेदारीमा एक साझेदार रहेको

घ) पार्टी प्राधिकरणको मुख्य व्यवस्थापकीय व्यक्तिको सदस्य रहेको

ङ) पार्टी, बुदाँ नं. क र घ सँग सम्बन्धित व्यक्तिको परिवारको नजिकको नातेदार रहने

च) पार्टी वा निकाय हो, जसमा नियन्त्रण छ, संयुक्त नियन्त्रण या सारभुत प्रभाव वा उल्लेखनिय भोटिङ पावर रहेको

छ) पार्टी कुनै निकायको वा उसको सम्बन्धित निकायको Post-Employment Benefit Plan को सदस्य रहनु ।

१.१२.२ खुलासा

सम्बन्धित व्यक्तिसंगको निम्न सूचनाहरूको खुलासा गर्नुपर्दछ ।

क) Parent र Subsidiary Institutions सँग कुनै कारोबार नभएपनि सम्बन्धको खुलासा गर्नुपर्ने ।

ख) मुख्य व्यवस्थापकीय व्यक्तिलाई भुक्तानी गरिएको निम्न बुँदा अर्न्तगतको खर्चहरूः

- अल्पकालिन रोजगारी लाभ,
- रोजगारी पछिको लाभ,
- अन्य दिर्घकालीन लाभ,
- रोजगारी समाप्त हुँदाको लाभ,
- शेयरमा आधारित भुक्तानी

१.१४ प्रतिवेदन मिति पछिका घटनाहरू

प्रतिवेदन मिति पछिका घटनाहरू भनेका ती घटनाहरू हुन जो संस्थाको लागि Favourable वा Unfavourable हुन सक्छन्, यस्ता घटनाहरू प्रतिवेदन मितिको अन्त्यमा र वित्तिय विवरण जारीका लागि आधिकारीकताको मिति बीचमा उत्पन्न हुन्छन ।

क) समायोजनकारी घटनाहरूः

त्यस्ता घटनाहरू जसले प्रतिवेदन मितिमा अस्तित्वमा रहेका अवस्थाहरू सम्बन्धि अतिरिक्त प्रमाण उपलब्ध गराउँछन ।

ख) असमायोजनकारी घटनाहरू

त्यस्ता घटनाहरू जसले प्रतिवेदन मितिपछि उत्पन्न अवस्थाहरूको संकेत गर्दछन ।

१.१४.१ लेखांकन

- समायोजनकारी घटनाहरू वित्तिय विवरणमा कायम रकममा समायोजन गरिन्छ ।
- असमायोजनकारी घटनाहरू वित्तिय विवरणमा कायम रकममा समायोजन गरिदैंन ।
- प्रतिवेदन मितिपछि तर वित्तिय विवरणहरूको स्वीकृति अघि प्रस्तावित वा घोषित लाभांशहरूलाई प्रतिवेदन मितिमा दायित्वको रूपमा कायम गरिनु हुदैन ।

१.१४.२ निरन्तर व्यवसाय आधार

व्यवस्थापनले प्रतिवेदन मितिपछि निकायलाई खारेज गर्ने वा व्यापार बन्द गर्ने अथवा त्यसबाहेक कुनै वास्तविक विकल्प नभएमा निकायले वित्तिय विवरणहरू निरन्तर व्यवसाय मान्यताको आधारमा तयार गर्नु हुदैंन ।

१.१४.३ खुलासा

उचित मुल्यांकन गर्ने र निर्णय लिने प्रयोगकर्ताहरूको क्षमतालाई असर पुरयाउने असमायोजनकारी घटनाहरूका लागि सो घटनाको प्रकित अनुमान असरको वित्तिय र यस्तो अनुमान गर्न नसकिने भए सो को खुलासा गर्नुपर्नेछ ।

१.१५ऋणको लागत

- ऋणको लागत भन्नाले ब्याज र प्राधिकरणले रकम सापट लिँदा व्यहोरेका अन्य लागतहरू बुझिन्छ ।
- कायम (Qualifying) हुन बाँकी सम्पति भनेको त्यस्तो सम्पति हो जसलाई अपेक्षित प्रयोग वा बिक्रियोग्य अवस्थामा पुर्याउन उल्लेखनीय समय लाग्दछ ।
- कायम हुन बाँकी सम्पतिको खरिद, निर्माण वा उत्पत्ति (Origin) सँग प्रत्यक्ष सम्बन्धित लागतहरूलाई यदि भावि आर्थिक फाइदाहरू प्राधिकरणमा भित्रिने सम्भावना रहेको छ र ती लागतहरूलाई भरपर्दोसंग मापन गर्न सकिन्छ भने त्यस्ता लागतहरू सम्पतिको लागतमा समावेश गरिन्छ ।
- अन्य सबै ऋणको लागतहरू व्यय भएको अवधिमा खर्च रूपमा कायम गरिनेछ ।

१.१६ संस्थाको बित्तीय जोखिम

संस्थाको सञ्चालक समितिमा संस्थाको जोखिम ब्यवस्थापन तथा आन्तरिक नियन्त्रणको सम्पूर्ण जिम्मेवारी रहन्छ । प्राधिकरण exposure हुने जोखिमहरू निम्न रहेका छन् ।

संचालन जोखिम (Operational Risk)

संस्थाको दिगो रूपमा संचालनमा आईपर्ने असर यस अन्तर्गत पर्दछन् । समयमा हवाई सेवा संचालन सम्बन्धी सेवा उपलब्ध गराउन नसक्ने, नियमन कार्यमा प्रभावकारी नरहने जस्ता जोखिमहरू छन् ।

अनुपालनको जोखिम (Compliance Risk)

प्रचलित ऐन, नियमावलीको प्रावधानलाई समयमै अनुपालन गर्न नसक्दा संस्थालाई पर्ने हानी नोक्सानी जस्ता जोखिमहरू यसमा पर्दछन् ।

तरलताको जोखिम (Liquidity Risk)

दायित्व सम्बन्धी जोखिम संस्थाले समयमै भुक्तानी गर्न नसक्ने जस्ता कार्य यसमा पर्दछन् । यसको लागि उचित नगद ब्यवस्थापन ब्यवस्थापनले गर्नु पर्दछ ।

बजार जोखिम (Market Risk)

परिवर्तित बजारले गर्दा ऋणको ब्याज दरमा हुने परिवर्तन, बिनिमय दरको परिवर्तन जस्ता जोखिमहरू बजार जोखिम अन्तर्गत पर्दछन् ।

यी सबै जोखिमको न्यूनिकरण तथा ब्यवस्थापनको लागि संस्थाले आवधिक रूपमा समिति गठन गर्ने, उचित लगानी गरी तरलता कायम गर्ने, ब्याजदर परिवर्तनको जोखिमको लागि समयसापेक्ष अध्ययन गरी ब्याजदरको समायोजन गर्ने, कार्यान्वयन गर्नु पर्ने ब्यवस्थाको अनुशरण गरी जोखिमलाई ब्यवस्थापन गर्ने अठोट लिएको छ ।